Regd. No.: 14473/059/060
PAN No.: 301442912

# Api Power Company Limited
# अपि पावर कम्पनी लिमिटेड

च.नं. : ४०६, ०७९/०८०

मिति: २०७८/१०/१७

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरवार, काठमाडौं ।

**विषय: उन्नाइसौं वार्षिक साधारण सभाका लागि शेयर दर्ता किताब बन्द रहने सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा अपि पावर कम्पनी लिमिटेडको मिति २०७९/१०/१७ गते, अपरान्ह ४:३० बजे बसेको संचालक समितिको बैठक, आ.व. २०७९/०८०, संख्या ९ को निर्णयानुसार कम्पनीको आ.व. २०७८/०७९ को १९औं वार्षिक साधारण सभा मिति २०७९ साल फाल्गुण १४ गते (तदानुसार Sunday, 26th February, 2023) बिहान ११:०० बजे निम्न लिखित स्थानमा देहाय बमोजिमका विषयहरुमा छलफल गरी निर्णय गर्न सभा संचालन हुने सबैमा जानकारीको लागि अनुरोध छ । साथै १९औं वार्षिक साधारण सभा प्रयोजनका लागि कम्पनीको मिति २०७९ साल फाल्गुण ४ गते एक दिनका लागि शेयरको दर्ता किताब बन्द (Book Close) रहने समेत सबैको जानकारीको लागि अनुरोध छ ।

**१९औं वार्षिक साधारण सभा हुने मिति, स्थान र समय**

मिति : २०७९ साल फाल्गुण १४ गते (Sunday, 26th February, 2023)
स्थान : वानेश्वर ब्याङ्क्वेट, थापागाउँ, काठमाडौंबाट सभा संचालन हुनेछ ।
समय : बिहान ११:०० बजे देखि

**१९औं वार्षिक साधारण सभाका छलफलका बिषयहरु :**

**क) सामान्य प्रस्ताव**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा आर्थिक वर्ष २०७८/०७९ को वार्षिक प्रतिवेदन प्रस्तुत, छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

२) लेखापरिक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७८/०७९ को वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह लगायतका वित्तिय विवरणहरु छलफल तथा स्वीकृत गर्ने सम्बन्धमा ।

३) कम्पनी ऐन २०६३ को दफा १११ अनुसार आ.व २०७९/०८० का लागि लेखापरिक्षकको नियुक्ति तथा निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।

४) १९औं वार्षिक साधारण सभा प्रयोजनका लागि शेयर दाखिला खारेज बन्द भएको मितिसम्म कायम शेयरधनीहरुलाई आ.व. २०७८/०७९ को मुनाफाबाट ०.३९४७ प्रतिशत कर प्रयोजनका लागि नगद लाभांश वितरण गर्ने ।

**ख) विशेष प्रस्ताव**

१) कम्पनीको आर्थिक वर्ष २०७८/०७९ को खुद मुनाफाबाट चुक्ता पूँजीको ७.५ प्रतिशतका दरले वोनश शेयर पारित गर्ने सम्बन्धमा ।

२) आर्थिक वर्ष २०७८/०७९ को ७.५ प्रतिशत वोनश शेयर वितरण पश्चात् कायम हुने चुक्ता पूँजी रु. ४१३.१५ करोडको १ शेयर बराबर ०.४० का दरले हुने रु. १६५.३४ करोड बराबरको हकप्रद शेयर निष्काशन गर्न स्वीकृति प्रदान गर्ने । प्रस्तावित हकप्रद शेयर निष्काशनबाट प्राप्त हुने रकम कम्पनीले संचालन गरी विद्युत उत्पादन गरिरहेको जलविद्युत र सौर्य विद्युत आयोजनाहरुको ऋणमोचनका लागि उपयोग गरिनेछ ।

३) कम्पनीको वोनश शेयर तथा हकप्रद शेयर जारी गर्ने प्रयोजनका लागि कम्पनीको पूँजी संरचनामा बृद्धि हुने भएकोहुँदा सो प्रयोजनाका लागि प्रवन्धपत्रको दफा ६ संशोधन गर्ने सम्बन्धमा ।

४) हकप्रद शेयर जारी गर्ने कार्य गर्दा विद्युत नियमन आयोग, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लिमिटेड, कम्पनी रजिष्ट्रारको कार्यालय लगायत नियमनकारी निकायमा आवश्यक कार्य गर्न कम्पनीको संचालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

भवदीय,

मधुसुदन कोइराला
कम्पनी सचिव

बोधार्थ:
श्री नेपाल धितोपत्र बोर्ड ।
श्री कम्पनी रजिष्ट्रारको कार्यालय ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड ।
श्री विद्युत नियमन आयोग ।
श्री विद्युत विकास विभाग ।